सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

आदेश

०८०-WO-०५८१

विषयः उत्प्रेषण परमादेश।

कालिकोट जिल्ला रास्कोट न.पा. वडा नं. ८ बस्ने एशुदा कुमारी बराल.......................१
कालिकोट जिल्ला स्पुना गा.वि.स. हाल परिवर्तित रास्कोट बस्ने अजय बहादुर शाही......१ निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं...........१ प्रत्यर्थी
नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार काठमाडौं.................१
नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौं ............................................१
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाडौं ..........................१
विद्युत विकास विभाग, अनामनगर, काठमाडौं ......................................................१
नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौं ..........................................................१
विद्युत उत्पादन कम्पनी लिमिटेड, बुद्धनगर, काठमाडौं ..........................................१
फुकोट कर्णाली हाइड्रोपावर प्रोजेक्टको कार्यालय, काठमाडौं ..................................१
वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत...............................१
उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत......................१



CamScanner

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको व्यहोरा संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. हामी निवेदकहरू नेपाल राष्ट्रको विकास, नेपाली जनताको हकहित र सरोकार, कर्णाली प्रदेशको हकहितका साथै प्रदेशको समग्र प्राकृतिक स्रोतहरूको सन्तुलित विकास गरी जनताको जीवनस्तर माथि उठाउन सकिन्छ भनी सोचाई राख्ने सचेत नागरिक हौं। हाम्रो प्रदेशका नदीनाला, वनजंगल जस्ता प्राकृतिक स्रोतको प्रयोग र विकासमा हाम्रो स्वाभाविक र सकारात्मक चासो रहि आएको छ। यसै सन्दर्भमा सन् २०२३ मे ३१ (२०८० जेठ १७) का दिनमा कर्णाली प्रदेश कालिकोट जिल्ला स्थित कर्णाली नदीमा ४८० मेगावाटको फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना विकास गर्नका लागि नेपाल सरकारको लगानीमा स्थापित विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेडसँग समझदारीमा हस्ताक्षर गरेको कुरा प्रकाशमा आयो। कर्णाली नदीमा बन्ने एउटा राम्रो सम्भावना बोकेको उच्च प्रतिफल दिने जलविद्युत आयोजना भारत सरकारको कम्पनीसँग निर्माण गर्ने समझदारी बनेको थाहा पाउँदा कोशी, गण्डकी, महाकाली नदीको पानी र जलविद्युतमा भारतबाट ठगिएको महसुस गर्ने हामी नेपालीलाई स्वाभाविक रूपमा चासो उत्पन्न भयो। यो परियोजना सम्वन्धमा के कस्तो समझदारी रहेछ, के कस्ता प्रावधान राखिएको रहेछ, पानीको बाँडफाँडको के प्रस्ताव रहेछ, बिजुलीको बाँडफाँड कसरी गर्ने र लगानीको के कस्तो व्यवस्था गरिएको रहेछ भन्ने विषयमा अध्ययन गर्दा जुन तरिकाले यो आयोजनाको विकासको कार्य भारतीय सरकारी कम्पनी NHPC लिमिटेड, भारतलाई सुम्पिने कार्य गरिएको रहेछ सो कार्यबाट नेपाल र नेपालीलाई दीर्घकालिन अहित हुने, यसबाट नेपालको पानी र बिजुलीमा सदासर्वदा भारतको हात माथि रहने प्रष्ट भएको हुँदा नेपाल र नेपालीको हित प्रवर्द्धन गर्नका लागि उक्त कार्य या त रोक्नु पर्दछ या त नेपाल र नेपालीको हितमा हुने गरी विद्युत, पानी एवं अन्य प्रतिफलको न्यायोचित वितरण हुने गरी आयोजनाको विकास गर्नुपर्दछ भने सोचका साथ हामी निवेदक सम्मानित अदालत समक्ष यो रिट निवेदन लिई प्रवेश गरेका छौं। कर्णाली प्रदेश, कालिकोट जिल्लावासी र सो परियोजनावाट प्रत्यक्ष प्रभावित हुने स्थानिय वासिन्दाको नाताले सम्मानित अदालतमा सार्वजनिक हितको विषय लिई प्रवेश गर्ने हकदैया हामीलाई रहेको छ।

२. फुकोट कर्णाली आयोजना कर्णाली प्रदेश, कालिकोट जिल्लाको रासकोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, खाँडाचक्र नगरपालिका, पताल झरना गाउँपालिकामा अवस्थित रहेको छ। कर्णाली नदीमा निर्माण हुने यो आयोजनाको ग्रस हेड १६८.६२ मीटर तथा डिजाइन डिस्चार्ज ३४८ घन मिटर प्रति सेकेण्ड रहेको छ। आयोजनाबाट औसत वार्षिक २४४.८ करोड युनिट बिजुली उत्पादन हुन्छ। आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सुख्खा याममा दैनिक ६ घण्टा पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न सकिन्छ। आयोजनाबाट उत्पादित विद्युत ४०० के. भि. डबल सर्किट प्रसारण लाइनमार्फत नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने छ। आयोजनाको निर्माणमा करिब ९२ अर्ब नेपाली रुपैंया लाग्ने अनुमान छ। यस आयोजनाको प्रति मेगावाट लागत १९ करोड १६ लाखको हाराहारीमा लाग्ने देखिन्छ। हालसम्म आयोजनाको विस्तृत सम्भाव्यता/इन्जिनियरिङ अध्ययन प्रतिवेदन तयार भइसकेको छ, विद्युतगृह तथा बाँधस्थलमा ६१० मी. टेस्ट अडिट टनेल निर्माण सम्पन्न भएको छ, पहुँचमार्ग तथा कर्मचारी आवास गृह र कार्यालय भवन निर्माण कार्य भइरहेको छ। डुबान क्षेत्रमा पर्ने करिब ८२२ रोपनी जग्गा कम्पनीको नाममा आइसकेको छ, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि विद्युत विकास विभागमा पेश भइसकेको अवस्था देखिन्छ। नेपाल सरकार र भारत सरकार बीचमा भएको समझदारीपत्र सम्वन्धमा कर्णाली नदीमा बन्ने यति धेरै आकर्षक र उच्च प्रतिफलयुक्त आयोजना के कसरी, कुन तरिकाले भारतीय सरकारी कम्पनीलाई दिन लागिएको रहेछ भनेर खोजी गर्दा मिति २०८०।०२।०५ मा नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले "विद्युत उत्पादन कम्पनी लि. र भारतीय कम्पनी NHPC लिमिटेडको संयुक्त उपक्रममार्फत हुने फुकोट अर्ध जलाशययुक्त आयोजनाको समझदारीपत्र स्वीकृत गर्ने" भन्ने विषय राखी मन्त्रिपरिषदमा पेश गर्न तयार भएको उक्त प्रस्तावमा "सम्माननीय प्रधानमन्त्री ज्यूको २ अप्रिल २०२२ मा भारत भ्रमणको क्रममा विद्युत क्षेत्र सहकार्यका लागि जारी गरिएको India-Nepal Joint Vision Statement on Power Sector Cooperation मा जलविद्युत आयोजनाको विकास, निर्माण र सञ्चालनको लागि भारतीय कम्पनीहरूलाई आमन्त्रण गरिएको, फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना संयुक्त उपक्रमबाट लगानी गरी निर्माण गर्न विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय कम्पनी NHPC लिमिटेड बीच मिति २०७९।१२।१४ मा प्रारम्भिक हस्ताक्षर भएको समझदारीपत्रमा केही सुझावसहित अर्थ मन्त्रालयको मिति २०८०।०१।१४ र कानून मन्त्रालयको मिति २०८०।०२।०४ को पत्रमार्फत सहमति र परामर्श प्राप्त भएको" भन्ने उल्लेख गर्दै "विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय कम्पनी NHPC लिमिटेडको

संयुक्त उपक्रममार्फत फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको विकास निर्माणका लागि यसैसाथ संलग्न Memorandum of Understanding (MoU) between Vidhyut Utpadan Company Limited and NHPC Ltd., India स्वीकृत गर्ने र उल्लिखित समझदारीपत्रमा हस्ताक्षर गर्न विद्युत उत्पादन कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक श्री सूर्य प्रसाद रिजाललाई अख्तियारी दिने।" भनी दुइवटा विषयलाई निर्णय हुनुपर्ने व्यहोरा भनी उल्लेख गरिएको रहेछ। उक्त प्रस्ताव नेपाल सरकार मन्त्री परिषदमा पेश गरिएकोमा मिति २०८०।०२।१२ गते मन्त्रीपरिषदबाट हुबहु पारित भई प्रमाणिकरण भएको देखिन्छ। यसरी नेपाल र नेपालीको आर्थिक उन्नतिमा ज्यादै महत्वपूर्ण भूमिका खेल्न सक्ने यति आकर्षक जलविद्युत आयोजना भारतीय कम्पनीको हातमा सुम्पिने कार्यमा जलविद्युत कम्पनी, कानून मन्त्रालय, अर्थ मन्त्रालय हुँदै स्वयं नेपाल सरकार मन्त्रिपरिषद नै सामेल रहेको प्रष्ट भएको छ।

३. सन् २०२३ मे ३१ (२०८० जेठ १७) मा विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय NHPC लिमिटेड बीचमा भएको समझदारी पत्र देहायका आधार र कारणहरूबाट ले नेपाल र नेपालीको हितमा नभएको ब्यहोरा जानकारी गराउँदछौं।

क) नेपाल सरकारको लगानी रहेको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय NHPC लिमिटेड बीच भएको समझदारी पत्रको धारा २ मा आयोजना कार्यान्वयनको लागि संयुक्त लगानीको कम्पनी (JVC) स्थापना गर्ने व्यवस्था गरिएको छ। उक्त धाराको २.५ मा "The JVC shall have equity participation from NHPC of not less than ५१ percent (fifty one percent)" भनिएको छ। समझदारीको उक्त धारा हेर्दा भारतीय पक्ष कम्पनीमा कम्तिमा ५१% शेयर सहित कम्पनी आफ्नो कब्जामा लिएर आयोजना विकास र सञ्चालन गर्ने मनसायका साथ नेपाल प्रवेश गरेको देखिन्छ। यसरी नेपाल र नेपालीको हितमा बनाउनु पर्ने फुकोट कर्णाली जलविद्युत आयोजना भारतीय कम्पनीको नियन्त्रणमा सुम्पने प्रपञ्चका साथ यो समझदारी भएको देखिन्छ। उक्त आयोजना नेपाल, नेपाली र कर्णालीबासीको हितमा निर्माण र सञ्चालन गर्ने हो भने कम्तिमा पनि बहुमत वा बराबरी शेयर नेपाल पक्षको हुने गरी कम्पनीको स्थापना हुनु जरुरी छ। अतः भारतीय कम्पनीको बहुमत शेयर राखी यो आयोजना सञ्चालन गर्दा हामी नेपाली आफ्ना नदीनाला लगायत प्राकृतिक स्रोतको उचित प्रतिफल प्राप्त गर्नबाट सदैव भारतबाट ठगिने र भूराजनीतिक अवस्थिति (Geopolitical Position) का कारण पनि नेपाल झन् अप्ठेरोमा पर्ने अवस्था

सृजना हुन जान्छ। तसर्थ, उक्त आयोजना भारतलाई सुम्पने प्रयोजनको लागि गरिएको समझदारी पत्र कार्यान्वयनमा अविलम्ब रोक लगाउन यो निवेदन गरेका छौं।

ख) समझदारी पत्रको धारा ५ मा आयोजनाबाट आएको लाभको बाँडफाँडको विषय समाविष्ट छ। जसको धारा ५.१ मा "NHPC agrees that JVC will provide २१.९% of monthly generated power and energy from the project (the Free Energy and Power)"भनिएबाट फुकोट कर्णाली जस्तो सस्तो मूल्यमा बन्ने नेपालले निर्माणको तयारी समेत गरिसकेको उच्च प्रतिफलयुक्त आयोजनाबाट नेपाल सरकारले केवल २१.९ प्रतिशत बिजुली मात्र प्राप्त गर्नु कदापी नेपाल र नेपालीको हितमा हुन सक्दैन। यो आयोजना अहिले तुलनात्मक रुपमा सस्तो र प्रति मेगावाट लागत १९ करोड १६ लाख लाग्ने अनुमान छ। जसरी खाडी राष्ट्रले आफूसँग रहेको पेट्रोलियमको व्यापारबाट समृद्धि हासिल गरेका छन् त्यसरी नै हामीले पनि नेपालको नदी नाला, जलस्रोतको प्रयोगबाट नेपाल र नेपाली समृद्ध हुने किसिमले कार्य गर्नुपर्नेमा सो नगरी सस्तो मूल्यमा वा आफूलाई अत्यन्तै कम लाभ हुने गरी भारतीय कम्पनीलाई अस्वाभाविक लाभ पुग्ने गरी आयोजना कार्यान्वयन गर्दै जाने हो भने यसबाट हामीले नेपाल र नेपालीको समृद्धिलाई पर धकेलिरहेका हुनेछौं। समझदारी पत्र हेर्दा सरकार हतारहतार जसरी पनि नेपालको प्राकृतिक स्रोतको उपयोग भारतलाई सुम्पिन उद्दत रहेको प्रष्ट देख्न सकिन्छ।

ग) यसप्रकारको समझदारी गर्दा आयोजनाबाट सबैभन्दा बढी प्रभावित हुने कर्णाली प्रदेशका जनतासँग कुनै सरसल्लाह गर्ने, उनीहरूका सरोकार सुन्ने कार्य गरिएको छैन। आयोजनाको लागि कति जग्गा चाहिने हो? सो कति मूल्यमा स्थानीय बासिन्दाबाट प्राप्त गर्ने हो? वातावरणीय असर के कस्तो पर्ने हो? त्यसको न्यूनिकरण कसरी गर्ने हो? प्रष्ट छैन। जलविद्युत आयोजनाबाट स्थानीय बासिन्दाले के लाभ प्राप्त गर्ने हुन्? विस्थापितहरूलाई के कसरी पुनस्थापना गर्ने भन्ने विषय अन्यौलपूर्ण छ। समझदारीपत्रमा केवल विद्युत बाँडफाँडको विषयमा मात्र उल्लेख छ। जवकि अहिलेको विश्वमा सबैभन्दा महत्वपूर्ण विषय स्वच्छ पिउने पानी बन्दै गइरहेको छ। आयोजना विकास गरेपश्चात् पानीको प्रयोगमा हुने फेरबदल, यसबाट प्राप्त हुने स्वच्छ खाने पानी तथा ठूलो जमिनमा सिंचाई सुविधा प्राप्त हुने अवस्था सृजना हुन सक्दछ। यसप्रति कुनै चासो नै नराखी,

हाम्रा खेतबारी बाँझो हुने तर सरकारले त्यसप्रति पूर्णतः बेवास्ता गरी नदीनालाको प्रयोगको योजना बनाउने विडम्बनापूर्ण स्थितिको सृजना हुने देखिन्छ। तसर्थ पनि आयोजनाको विकास गर्दा नेपालको कति जनसंख्यालाई खानेपानी पुऱ्याउन सके मात्र "समृद्ध नेपालः सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पुरा गर्न सकिन्छ।

घ) भारतीय पक्षले यस अघि पनि विभिन्न Hydro Power Project हरू लामो समय ओगटेर राखे, आफूले पनि नबनाउने र अरुलाई पनि बनाउन नदिने खालका कार्य गर्दै आइरहेको छ। पंचेश्वर परियोजना शुरु गर्ने भनिएको २७ वर्ष हुँदा समेत काम शुरु भएको छैन। यो आयोजना निर्माण कहिले शुरु हुने र कहिले उत्पादन शुरु हुने भन्ने कुनै कुरा निर्धारण भएको छैन र कति वर्ष भित्र निर्माण र उत्पादन शुरु नभएमा यो आयोजनाको सञ्चालन नेपाल सरकार आफैले गर्ने भन्ने कुरा समेत उल्लेख छैन। आयोजना होल्ड गर्ने तर काम नगर्ने प्रवृत्तिबाट बच्न उक्त आयोजनामा के कस्तो प्रबन्ध गरिएको छ जस्ता अनेकौ अहम् प्रश्नहरू अनुत्तरित रहेको अवस्थामा उक्त जलविद्युत आयोजना बनेमा पनि नेपाल र नेपालीको हित हुन सक्दैन। तसर्थ पनि उक्त समझदारी पत्र कार्यान्वयनमा जान बाट रोक्न आवश्यक छ। जसबाट निवेदनमा उठाइएका सवालहरूको उचित व्यवस्थापन गरी आयोजनाबाट यथासम्भव बढी प्रतिफल हासिल गर्ने गरी आयोजनाको कार्यान्वयन गर्नु पर्दछ। नेपालभित्र रहेका नदी, नाला, वन, जंगल पर्यावरण, जैविक विविधता, प्राकृतिक सम्पदाहरू नेपाल र नेपालीको आर्थिक उन्नतिका लागि अति महत्वपूर्ण साधनहरू हुन्। आज हामीले यी स्रोत साधनहरूको प्रयोग र विकास गर्दा sustainable use of Natural resources, Inter-generational equity and Justice जस्ता विषयहरूमा ध्यान पुऱ्याउन आवश्यक छ। अन्यथा आज हामीले विकासको नाममा चालेका कदमहरूले नेपाल र नेपालीको एवं भावी सन्ततीले बाँच्न पाउने हकमा समेत नकारात्मक असर पार्न जाने हुन्छ। यस्ता स्रोतहरूको प्रयोग गर्दा सार्वजनिक हितलाई हेरेर गर्नुपर्दछ र सरकार सार्वजनिक हितको न्यासी (Trustee of Public Interest) हो। सरकारले सदासर्वदा सार्वजनिक नीति अनुकूल राष्ट्रहितमा कार्य गर्नुपर्दछ। के कस्तो गृहकार्य गर्दा आयोजनाबाट तुलनात्मक रूपमा बढी लाभ लिन सकिन्छ भन्ने विषयमा देशको कार्यपालिका सदैव सचेत रहनु पर्दछ भनी सम्मानित सर्वोच्च अदालतबाट चन्द्रा कुमारी थामी समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय भएको ०७९-WC-००५७ समेत भएको मुद्दामा सिद्धान्त

समेत प्रतिपादित छ। यसबाट के प्रष्ट छ भने प्राकृतिक स्रोत साधनको प्रयोगको सन्दर्भमा सरकार केवल Public Trustee हो, सरकारले यस विषयमा निर्णय गर्दा सदासर्वदा नेपालको संविधानले परिकल्पना गरेको दिगो विकासको अवधारणा एवं नेपाल र नेपालीको उच्चतम् हितलाई ध्यानमा राख्दै यो पुस्ताको मात्र होइन कि नेपाल र नेपालीको भावी सन्ततीको हितलाई समेत ख्याल गर्दै विकास निर्माणको आयोजनाको छनौट गर्नुपर्दछ। नेपाल र नेपालीको हितलाई अधिकतम ध्यान नदिई केवल छिमेकी रिझाउने तवरले, स्थानीय बासिन्दाहरूसँग पर्याप्त छलफल नगरी, उनीहरूलाई विश्वासमा नलिई गुपचुप तरिकाले फुकोट कर्णाली परियोजना भारतीय कम्पनीलाई सुम्पने कार्य राष्ट्रहितमा नभएको साथै नेपालको संविधानले परिकल्पना गरेको लोकतन्त्र, सुशासन, उच्चतम राष्ट्रहित लगायतका कसीमा हेर्दा समेत प्रष्ट रूपमा नै अनुपयुक्त देखिन्छ।

ङ) नेपाल राज्यभित्र रहेको "जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्ने एवं जलस्रोतको लाभदायक उपयोग गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने" समेतका उद्देश्य लिएर जलस्रोत ऐन, २०४९ निर्माण भई लागू भएको अवस्था छ। उक्त ऐनको दफा ७ ले जलस्रोतको उपयोगको प्राथमिकता क्रम बोकेको छ। जसअनुसार जलस्रोतको उपयोग गर्दा (क) खानेपानी र घरेलु उपयोग, (ख) सिंचाई, (ग) पशुपालन तथा मत्स्यपालत जस्ता कृषिजन्य उपयोग, (घ) जलविद्युत र अन्य उपयोगको प्राथमिकता क्रम तोकिएको छ। यसरी हेर्दा जलस्रोतको उपयोगको प्राथमिकता क्रम चौथो नम्बरमा मात्र पर्ने प्रष्ट देखिन्छ। फुकोट कर्णाली आयोजनाको विकास र सञ्चालन गर्दा (क) देखि (ग) सम्मका प्राथमिकताका उपयोग किन गर्न नसकिएको हो? यसको के कस्तो अध्ययन भई केवल विद्युत उत्पादन गर्ने त्यो पनि भारतीय कम्पनीमार्फत भन्ने निर्णयमा पुगिएको हो सोको बारेमा सुसुचित हुने साथै कर्णाली नदीको उक्त पानीबाट खानेपानी, सिंचाई, पशुपालन, मत्स्यपालन लगायतको उपयोगको दीर्घकालीन ब्यवस्थापन गरिनुपर्ने देखिन्छ। यस्ता विविध प्रतिफलयुक्त आयोजना नेपाल र नेपालीको लगानीमा, नेपालीको अगुवाईमा विकास र सञ्चालन गर्नुपर्ने हुन्छ।

च) नेपालको संविधानको प्रस्तावनामा नै "लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने" उद्देश्य राखेको छ। संविधानको धारा ५० को उपधारा (३) मा "सार्वजनिक, नीजि र सहकारी क्षेत्रको

सहभागितामार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने .... राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने नेपाल राज्यको उद्देश्य हुनेछ" भन्ने व्यवस्था गरेको छ। त्यसैगरी संविधानले राज्यका नीतिहरूको घोषणा गर्दै धारा ५१ को खण्ड (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वद्र्धन र उपयोगसम्बन्धी नीतिको व्यवस्था गरेको छ जसमा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संबर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने," लगायतका नीतिहरूको व्यवस्था गरिएको छ।

छ) संविधानको धारा ५२ मा "राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण तथा राज्यका नीतिहरूको क्रमश कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ" भन्ने व्यवस्था गरिएको छ। संविधानको प्रावधानहरूलाई विश्लेषण गरी हेर्दा नेपाल राज्यलाई समृद्ध र समुन्नत बनाउन प्राकृतिक स्रोत साधन, जलस्रोतको विकास गर्दा सार्वजनिक, नीजि तथा सहकारी क्षेत्रको सहभागिता सुनिश्चित गर्नुपर्ने, स्वदेशी लगानी र पूँजी प्रवर्दन गर्नुपर्ने दायित्व तोकेको भएता पनि सो कुरालाई नजरअन्दाज गर्दै संविधान विपरित फुकोट कर्णाली जस्तो उच्च प्रतिफल दिने र बहुउद्देश्यीय रूपले विकास गर्न सकिने आयोजना भारतलाई सुम्पिने तवरले भारतीय कम्पनी NHPC लिमिटेडको बहुमत शेयर होल्ड गर्ने गरी दिने कार्यबाट संविधानको प्रावधान एवं मर्म र भावनाको विपरित भएको प्रष्ट नै छ।

४. उपर्युक्त आधार र कारणहरुबाट राष्ट्रियता तथा विकाससँग सरोकार भएको विषयलाई संविधानको भावना र मर्म विपरित मनोमानी ढंगले निर्णय गर्ने कार्य गरिएको छ भने फुकोट कर्णाली आयोजनासँग सम्बन्धित सम्पूर्ण कारबाहीहरू प्रचलित कानुन तथा नीति नियमको विपरीत निर्णय गरिएको हुँदा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३, १०, बिद्युत ऐन, २०४९ को दफा ४, ७, जलस्रोत ऐन, २०४९ को दफा ७, नेपालको संविधानको धारा

१६, १७, १८, २५, २७, ३०, ३३, ४२, ५०, ५१, २७८ तथा २७९ का साथै नेपालले अनिवार्य रूपमा पालना गर्नुपर्ने मानवअधिकार, वातावरण र विकाससम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा नैतिक मार्गदर्शकका रूपमा रहेका विभिन्न घोषणा र प्रस्तावका साथै सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक महत्वको सरोकार भएका विभिन्न मुद्दाहरूमा प्रतिपादित सिद्धान्त र नजीरहरूसमेतका आधारमा मिति २०८०।०२।१२ मा नेपाल सरकार मन्त्री परिषदबाट फुकोट कर्णाली आयोजनामा भारतीय कम्पनी समेतलाई दिने गरी भएको निर्णय, मिति २०२३ मे ३१ (२०८० जेठ १७) मा विद्युत उत्पादन कम्पनी लिमिटेड र भारत सरकारको कम्पनी NHPC लिमिटेडको बिचमा भएको समझदारीपत्र, नेपाल तथा नेपालीको हितमा नहुनुको साथै संविधानको धारा २७८ वमोजिम प्रदेशसंगसमेत परामर्श गरेको भन्ने नदेखिएको र धारा २७९(२)(घ) वमोजिम प्राकृतिक श्रोतको विषयसंग जोडिएको विषयमा प्रतिनिधिसभा समक्ष पेश नगरी प्रकृया अगाडि वढाउने कार्य भएको हुँदा ती सवै कार्य नेपालको संविधान, प्रचलित कानुनको खिलाफमा गरिएको हुँदा सो सम्बन्धमा भएका सम्पूर्ण समझदारी, निर्णय, पत्राचार तथा भए गरेका अन्य कार्यहरू उत्प्रेषणको आदेशले बदर गरिपाऊँ। साथै नेपाली पक्षलाई minorityमा पार्ने गरी कम्पनीको स्थापना गर्ने, निर्माण शुरु गर्ने समायावधि र उत्पादन प्रारम्भ हुने समायावधि उल्लेख गरी सो समय भित्र उत्पादन शुरु नभएमा सो आयोजना नेपालले आफै सञ्चालन गर्ने वा अन्य कम्पनीसंग मिलेर परियोजना सञ्चालन हुने अवस्था सम्झौतामा उल्लेख गर्ने गराउने व्यवस्था मिलाउनु भनी विपक्षीहरुको नाममा परमादेश लगाएत अन्य उपयुक्त आदेश जारी गरी पाऊँ भन्ने व्यहोराको एशुदा कुमारी बरालसमेतले पेश गर्नुभएको रिट निवेदन।

५. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी नं. ५, ६, ७ र ८ को हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत एवं विपक्षी नं. ९ र १० को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश, विरेन्द्रनगर सुर्खेतमार्फत लिखितजवाफ पेस गर्नू भनी विपक्षीहरुका नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै निवेदनमा उठाइएको विषयवस्तुको गम्भीरता र संवेदनशीलतालाई ध्यानमा राख्दा अन्तरिम आदेश जारी गर्नु पर्ने वा नपर्ने सम्बन्धमा दुवै पक्षलाई छलफलमा राखेर मात्र उचित निष्कर्षमा पुग्न मनासिव हुने देखिंदा मिति २०८०।०९।२२ गते छलफल हुने मिति तोकी विपक्षीहरुलाई सूचना दिइ नियमानुसार

पेस गर्नू। सो बमोजिम छलफल भई अन्यथा आदेश नभएसम्मका लागि मिति २०८०।०२।१२ मा नेपाल सरकार मन्त्रीपरिषदबाट फुकोट कर्णाली आयोजना भारतीय कम्पनीलाई दिने गरी भएको निर्णय र मे ३१, २०२३ मा विद्युत उत्पादन कम्पनी लिमिटेड र भारत सरकारको कम्पनी NHPC लिमिटेड बीच भएको समझदारी पत्र समेत कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम विपक्षीहरुको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको छ। सो आदेशको जानकारी विपक्षीहरुलाई दिनू। साथै प्रस्तुत रिट निवेदन दुई मुलुक बीच सम्पन्न समझदारीपत्र बमोजिमको आयोजना सञ्चालनको विषय भएको देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिइएको छ, नियमानुसार गर्नू भन्ने व्यहोराको यस अदालतको मिति २०८०।९।११ को आदेश।

६. विपक्षीले नेपाल सरकारको लगानीमा स्थापित विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेडबीच ४८० मेगावाट क्षमताको जलविद्युत परियोजना निर्माण गर्न समझदारीपत्र सम्पन्न भएको हो। परियोजना विकासका लागि सम्पन्न समझदारीपत्र पनि करार तथा अन्य दायित्व सम्बन्धि कानुन अन्तरगतको बिषय हो र यस विषयमा कुनै तेस्रो पक्षले रिट क्षेत्राधिकारको प्रयोग गरी अदालत प्रवेश गर्न समेत सक्दैन। नेपाल सरकारको लगानीमा स्थापित विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेड बीचको समझदारीपत्रको विषयमा रिट क्षेत्राधिकारको प्रयोग हुन नसक्ने, उक्त समझदारीपत्र नेपालको संविधान, नेपाल सन्धि ऐन, २०४७ र Vienna Convention on the Law of Treaties, 1969 को आधारमा नभएको कुरा समझदारीपत्रको दफा १०.३ मा समझदारीपत्र नेपाल कानुन बमोजिम लागु हुनेछ भनी भएको व्यवस्थाबाट पुष्टि हुन्छ। समझदारीपत्रले प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषयलाई नसमेटेको र यो कुनै विदेशी राज्य वा सरकारसँगको सन्धि, सम्झौता नभएको हुनाले समझदारीपत्रलाई संसदको अनुमोदन आवश्यक पर्दैन। रिट निवेदकले उठाएको धारा २७८ बमोजिम प्रदेशसँग परामर्श नगरेको भन्ने जिकिर लिनुभएको रहेछ। प्रस्तुत जलविद्युत परियोजनाको क्षमता ४८० मेगावाट भएको कारण यस परियोजना संघको अधिकारक्षेत्र अन्तर्गत पर्दछ। त्यसैगरी संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघबाट सञ्चालन योजनामा संघले प्रदेशसँग परामर्श गर्नुपर्ने बाध्यकारी व्यवस्था छैन। विपक्षी निवेदकले रिट निवेदनमा समझदारीपत्र फुकोट कर्णाली जलविद्युत आयोजनामा NHPC को कम्तीमा पनि ५१ प्रतिशत शेयर रहेको कारण फुकोट कर्णाली जलविद्युत आयोजना भारतीय कम्पनीको नियन्त्रणमा रहने कुरा पनि उल्लेख

गर्नुभएको रहेछ। समझदारीपत्र अनुसार नेपालको विदेशी लगानी सम्बन्धी प्रचलित कानुन बमोजिम विदेशी लगानी स्वीकृति लिई विद्युत उत्पादन कम्पनी लिमिटेड र **NHPC Limited** ले नेपालको कम्पनी ऐन २०६३ बमोजिम संयुक्त लगानी कम्पनी संस्थापना गर्नुपर्दछ। समझदारी पत्रको दफा ३.६ बमोजिम **NHPC** लाई **Joint** Venture **Company** (संयुक्त लागानी कम्पनी) को तर्फबाट परियोजना कार्यान्वयनको लागि ऋण प्रदायक संस्थाहरुबाट कर्जा लगानीको प्रबन्ध मिलाउने एवम् उत्पादित विद्युतको लागि बजार प्राप्त गर्न सहजीकरण गर्ने दायित्व रहेको छ। तसर्थ फुकोट कर्णाली जलविद्युत आयोजना सम्पन्न गर्न लाग्ने लगानी एवं ऋणको महत्वपुर्ण अंश **(substantial** portion) **NHPC** ले जुटाउनु पर्ने र बजारपनि NHPC ले व्यवस्थापन गर्नु **पर्ने** भएकाले NHPC लाई ५१ प्रतिशत शेयर प्राप्त गर्ने गरि समझदारी गरिएको हो। साथै, नेपालको कम्पनी कानुनले समेत संयुक्त लगानीमा स्थापना हुने कम्पनीमा विदेशीको शेयर स्वामित्वमा कुनै सीमा नतोकेको अवस्थामा नै संयुक्त लगानीमा कम्पनी स्थापना गर्ने पक्षहरूको शेयर स्वामित्वको प्रतिशत निर्धारण गर्न स्वायत्त रहन्छन्। नेपालको प्रचलित कम्पनी कानुनले **नै** शेयर बाँडफाँडको सीमा निर्धारण नगरेको अवस्थामा समझदारीपत्रको पक्षहरुले निर्धारण गरेको प्रतिशतमा प्रश्न उठाईको छ। नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहालको मिति २०८०/०२/१७ (सन् २०२३ मे ३१) देखि मिति २०८०/०२/१९ (सन् २०२३, जुन ०३) को औपचारिक भारत भ्रमणको एजेन्डामा फुकोट कर्णाली परियोजनाको निर्माणको लागी आवश्यक लगानी तथा परियोजना सम्पन्न गर्न भारत सरकारको तर्फबाट **NHPC** र नेपाल सरकारको तर्फबाट विद्युत उत्पादन कम्पनी लिमिटेडबीच समझदारीपत्र हस्ताक्षर हुने विषय समावेश भई सो समझदारीपत्रमा मिति २०८०/०२/१७ (सन् २०२३ मे ३१) मा हस्ताक्षर भएको थियो। यसरी दुई राष्ट्रहरू बीचको कूटनीतिक संलग्नताको पारदर्शी र खुला रूपमा छलफल गरि हस्ताक्षर गरिएको समझदारीपत्र गुपचुप तरिकाले गरिएको होइन। समझदारीपत्रको दफा २.५ ले **NHPC** बाट संयुक्त लगानी कम्पनीले ५१ प्रतिशत शेयर प्राप्त गर्ने र बाँकि पुँजी **विद्युत** उत्पादन कम्पनी लिमिटेड र नेपालको प्रचलित धितोपत्र कानून बमोजिम सर्वसाधारण र आयोजना प्रभावित जनताको शेयर स्वामित्वमा हुने व्यवस्था गरेको छ। **यसरी** नेपालको संविधानको धारा ५१ (च)(छ) मा उल्लेख भएको व्यवस्थाको अनुशरण गरि फुकोट कर्णाली परियोजनाले विकासको प्रतिफल वितरणमा आम नेपाली नागरिकलाई प्राथमिकता दिइएको छ। तसर्थ भारतीय कम्पनीसँग संयुक्त रुपमा लगानी गर्ने **एवम्** सम्पन्न गर्ने गरि भएको सम्झौताले नेपालको संविधानको अन्तरगतको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको समेत उल्लङ्घन भएको छैन।



CamScanner

विद्युत उत्पादन कम्पनी लिमिटेडले मिति २०७७/१/३० मा विद्युत विकास विभागबाट विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेको र विद्युत सर्वेक्षण अनुमतिपत्रको अवधी भित्रै विद्युत उत्पादन अनुमतिपत्रको लागि विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त समेत पेस गरेको छ। फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.) को लागि वित्तिय व्यवस्थापन गर्न, बजार जुटाउन, अन्य लगानी कर्ता र साझेदारहरु सँग साझेदारी गर्न विद्युत ऐन, २०४९ को दफा ४ (५) बमोजिम विद्युत विकास विभागबाट स्वीकृति लिई आफ्नो अनुमति पत्र संयुक्त लगानी कम्पनीलाई हस्तान्तरण गर्ने अधिकार विद्युत उत्पादन कम्पनी लिमिटेडसँग निहित रहेको छ। साथै, विद्युत आयोजनाको अनुमतीपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २३ बमोजिम अनुमतिपत्रको बिक्री तथा हस्तान्तरण एवम् दफा २४ बमोजिम शेयर संरचनामा परिवर्तन गर्ने सक्ने अधिकार विद्युत उत्पादन कम्पनी लिमिटेडसँगै रहेको छ। यो विषयमा मिति २०८०/०२/१२ मा मन्त्रीपरिषदबाट पनि अनुमोदन प्राप्त भैसकेको छ। तसर्थ समझदारीपत्र अनतरगतको सम्पुर्ण दायित्व **NHPC** ले पुरा गरे पश्चात मात्र परियोजना सम्बन्धी अनुमतीपत्रहरु संयुक्त लगानी कम्पनीमा हस्तान्तरण हुने हो। मिति २०७८/१२/१९ (सन् २०२२ अप्रिल ०२) मा **भारत** र नेपाल बीच भएको **India-Nepal Joint Vision** Statement **on Power Sector Cooperation** ले समेत नेपालमा विद्युत उत्पादन आयोजनाहरूको संयुक्त विकास लगायत ऊर्जा क्षेत्रमा पारस्परिक रूपमा लाभदायक द्विपक्षीय सहयोग विस्तार र सुदृढ गर्ने अभूतपूर्व अवसरहरूमा जोड दिएको छ। विस्तुत परियोजना प्रतिवेदनहरु अध्यावधिक भए पश्चात **मात्रै** परियोजनाको लागत यकिन **गर्न** सकिन्छ। परियोजना लागतको विषयमा विद्युत उत्पादन कम्पनी **र NHPC** बीच सहमती भए पश्चात् मात्रै परियोजना कार्यान्वयन अगाडी बढ्ने हो। प्रस्तुत समझदारीपत्रको दफा ९ मा फुकोट कर्णाली जलविद्युत आयोजनाको समझदारीपत्र **NHPC** बाट उल्लङ्घन भएमा विद्युत उत्पादन कम्पनी लिमिटेडसँग लिखित रुपमा सुचना दिई समझदारीपत्र रद्द गर्न सक्ने अधिकार रहने भनि प्रष्ट रुपमा उल्लेख भएको छ। यसको अतिरिक्त निर्धारित समय सारणी भित्र गर्नु पर्ने क्रियाकलापको विषय अनुसुची - १ मा समावेश गरि त्यहाँ तोकिऐको समय तालिका भित्र कार्य सम्पन्न **गर्नु पर्ने** दायित्व पनि **NHPC** को रहेको उल्लेख छ। समझदारीपत्रको दफा २ बमोजिम स्थापना हुने **Joint Venture** Company (संयुक्त लगानी कम्पनी) नेपाल कानुन बमोजिम संस्थापित हुन्छ। उक्त कम्पनीको शेयर स्वामित्व लगायतका विषयलाई नियमन गर्ने कानुन पनि नेपालको कम्पनी कानुन हो। समझदारीपत्रमा NHPC र विद्युत उत्पादन कम्पनी लिमिटेड बिचको शेयर संरचना उल्लेख गर्दा कम्पनी कानुनको उल्लङ्घन भएको छैन। समझदारीपत्रमा समेटिएका विषयहरु विद्युत ऐन, २०४९ ले तोकेको

परिधी भित्र रहेको छ। यस आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयार भई सम्बन्धीत निकाय समक्ष स्विकृतीको लागि पेश भईसकेको कुरा समझदारीपत्रको प्रस्तावना (**recitals**) को बुँदा ४ मा उल्लेख भएको छ। यसप्रकार रिट निवेदन खारेजयोग्य छ भन्ने व्यहोराको विद्युत उत्पादन कम्पनी लिमिटेडको तर्फबाट अख्तियार प्राप्त बखत बहादुर शाहीको तर्फबाट पेश भएको लिखित जवाफ।

## यस अदालतको आदेश

७. नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा प्रकाशन भई पेश हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल कागजातको अध्ययन गरियो।

८. रिट निवेदकको तर्फबाट उपस्थित विद्वान कानून ब्यवसायीहरु तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान न्यायाधिवक्ताको वहससमेत सुनियो।

९. प्रस्तुत रिट निवेदनमा रिट निवेदकले विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय NHPC लिमिटेड बीचमा सन् २०२३ मे ३१ (२०८० जेठ १७) मा भएको समझदारी पत्रमा आयोजना निर्माणका लागि स्थापित हुने कम्पनीमा भारतीय सरकारको लगानीमा स्थापित कम्पनी NHPC लिमिटेडको बहुमत शेयर स्वामीत्व रहने गरी कम्पनी स्थापना गर्ने गरी समझदारी भएको कारणबाट कम्पनीमा नेपाल सरकारको नियन्त्रण र निर्णय प्रक्रिया अल्पमतमा पर्न गई राष्ट्रिय हित प्रतिकूल हुन जाने, सम्झौताअनुसार आयोजना कार्यान्वयन भएको अवस्थामा आयोजनाबाट प्रभावित स्थानीय समुदायको आर्थिक सामाजिक हक हित, सामाजिक उत्तरदायित्व तथा वातावरणीय पक्षको उपेक्षा गरेको, प्रस्तुत सम्झौता नेपालको संविधानको धारा २७९ तथा प्रचलित सन्धि ऐन, २०४७ का साथै हाल प्रचलित विद्युत ऐन तथा नियमावली प्रतिकूल रहेको, आयोजनाबाट प्राप्त लाभको समुचित बाँडफाँट हुने गरी सम्झौता नभएको, भारतीय लगानीबाट सम्पन्न हुने भनिएका परियोजनाहरु समयमा सम्पन्न हुन नसकेको तथा आयोजनालाई लामो समयसम्म नियन्त्रणमा राखिराख्ने उद्देश्यबाट सम्झौता भएको साथै समग्र वातावरणीय पक्षलाई उपेक्षा गरी भएको सम्झौता खारेज गरिपाउँ भन्ने मुख्य निवेदन माग दावी रहेको देखियो। प्रत्यर्थीहरु मध्ये विद्युत उत्पादन कम्पनीको तर्फबाट पेश भएको लिखित जवाफको बेहोरा हेर्दा विपक्षी नेपालको विदेशी लगानी सम्बन्धी प्रचलित कानुन बमोजिम विदेशी लगानी स्वीकृति लिई विद्युत उत्पादन कम्पनी लिमिटेड र **NHPC Limited** ले नेपालको कम्पनी ऐन, २०६३ बमोजिम संयुक्त लगानीमा कम्पनी संस्थापना गर्ने, परियोजना कार्यान्वयनको लागि ऋण प्रदायक संस्थाहरुबाट कर्जा लगानीको प्रबन्ध मिलाउने एवम् उत्पादित विद्युतको लागि बजार प्राप्त गर्न सहजीकरण गर्ने दायित्व कम्पनीमा रहने हुँदा फुकोट कर्णाली जलविद्युत आयोजना सम्पन्न गर्न लाग्ने लगानी एवं ऋणको

महत्वपुर्ण अंश (**substantial** portion) **NHPC** ले जुटाउनु पर्ने र बजार NHPC ले व्यवस्थापन गर्नुपर्ने भएकाले NHPC लाई ५१ प्रतिशत शेयर प्राप्त गर्ने गरि समझदारी गरिएको हो। साथै, नेपालको कम्पनी कानुनले समेत संयुक्त लगानीमा स्थापना हुने कम्पनीमा विदेशीको शेयर स्वामित्वमा कुनै सीमा तोकेको छैन भने शेयर बाँडफाँडको सीमा निर्धारणसमेत नगरेको अवस्थामा समझदारीपत्रको पक्षहरुले निर्धारण गरेको प्रतिशतमा प्रश्न उठाईको छ। नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको मिति २०८०/०२/१७ (सन् २०२३ मे ३१) देखि मिति २०८०/०२/१९ (सन् २०२३, जुन ०३) को औपचारिक भारत भ्रमणको एजेन्डामा फुकोट कर्णाली परियोजनाको निर्माणको लागी आवश्यक लगानी तथा परियोजना सम्पन्न गर्न भारत सरकारको तर्फबाट **NHPC** र नेपाल सरकारको तर्फबाट विद्युत उत्पादन कम्पनी लिमिटेडबीच समझदारीपत्र हस्ताक्षर हुने विषय समावेश भई सो समझदारी पत्रमा मिति २०८०/०२/१७ (सन् २०२३ मे ३१) मा हस्ताक्षर भएको हो। यसरी दुई राष्ट्रहरू बीचको कूटनीतिक संलग्नताको पारदर्शी र खुला रूपमा छलफल गरि हस्ताक्षर गरिएको, नेपाल सरकारलाई निःशुल्क विजुली दिने विषय, आयोजनाको दिगोपना, स्थानीय माग र सरोकारको विषयलाई समेत समट्ने गरी आयोजना निर्माण गरिने हुँदा रिट खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको देखियो।

१०. उल्लिखित रिट निवेदन बेहोरा, लिखित जवाफ र दुवै तर्फबाट उपस्थित विद्वान कानून व्यवसायी एवं विद्वान सरकारी वकीलले गर्नु भएको बहस समेत सुनी देहायको विषयहरुमा न्याय निरुपण गर्नु पर्ने देखिन आयोः-

**क)प्रस्तुत निवेदनमा उठाइएको विवाद सार्वजनिक हक वा सरोकारको विवाद हो वा होइन?**

**ख)नेपालको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय कम्पनी NHPC लिमिटेडबीच भएको समझदारी पत्र नेपाल कानून सरह लागू हुने हो वा होइन?**

**ग) समझदारी पत्र बमोजिम फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना कार्यान्वयनबाट नेपालको हक हित अन्यथा हुने देखिन्छ वा देखिंदैन?**

**घ) आयोजना कार्यान्वयनमा स्थानीय समुदायको हक, हित, अग्राधिकार आकर्षित हुन्छ वा हुँदैन?**

**ङ) रिट निवेदनको माग बमोजिम रिट जारी गर्नुपर्ने हो वा होइन?**

११. पहिलो प्रश्न अर्थात **प्रस्तुत रिट निवेदनमा उठाइएको विवाद सार्वजनिक हक वा सरोकारको विवाद हो वा होइन?** भन्ने सम्बन्धमा रिट निवेदनमा नेपाल सरकारको लगानी रहेको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेडबीच भएको सन्

२०२३ मे ३१ (२०८० जेठ १७) को समझदारी पत्रानुसार ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत परियोजना कार्यान्वयनको लागि संयुक्त उपक्रम (Joint Venture) कम्पनी स्थापना गर्ने समझदारी गरेको देखियो। उक्त कम्पनी स्थापना गर्दा एकाउन्न प्रतिशत शेयर NHPC लिमिटेडको रहने तथा बाँकी उनान्पचास प्रतिशत शेयर नेपाल सरकार एवं आयोजना प्रभावित स्थानीय समेतको रहने गरी कम्पनी खडा गर्ने, यस आयोजनाबाट उत्पादित जलविद्युतमध्ये नेपाल सरकारले केवल २१.९ प्रतिशत बिजुली निःशुल्क प्राप्त गर्ने, आयोजनाबाट प्रभावित हुने समुदायसँग छलफल र सरसल्लाह बेगर वातावरणीय असरसमेतको ख्याल नगरी करीब ९२ अर्व नेपाली रुपैयाँ बराबरको लागत अनुमान रही प्रतिमेगावाट लागत १९ करोड १६ लाख लाग्ने उच्च प्रतिफलयुक्त आयोजनाको मुल स्वामीत्व भारतीय कम्पनीमा रहने गरी आयोजनाबाट प्राप्त हुने लाभको समन्यायिक वितरणसमेत नहुने किसिमबाट आयोजना भारतीय कम्पनीलाई निर्माण गर्न दिने कार्य नेपालको संविधान, जलस्रोत ऐन, २०४९ तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत भएको भनी सार्वजनिक सरोकारको विषय रहेको भनी रिट निवेदन परेको देखियो। जलश्रोतको दीर्घकालीन विकास निर्माणमा राष्ट्रिय सरोकार एवं राष्ट्रिय हित प्रतिकूल हुन नहुने, आयोजनाको कार्यान्वयनको क्रममा स्थानीय जनताको सहभागिता, आयोजनाको दिगोपना आर्थिक लाभको बाँडफाँड, पर्यावरणीय दीगोपना समेतलाई प्रस्तुत रिट निवेदनमा उजागर गरेको देखिन्छ। रिट निवेदकहरू कर्णाली प्रदेशका बासिन्दा भई उक्त आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने देखिएको हुँदा यसलाई केवल निजी स्वार्थको विवाद मात्र भन्न मिल्ने देखिँदैन। केकस्तो विवादलाई सार्वजनिक सरोकारको विवाद भनी अदालतले क्षेत्राधिकार ग्रहण गर्न सक्छ भन्ने सम्बन्धमा यस अदालतबाट राधेश्याम अधिकारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको मुद्दामा "**सार्वजनिक हक वा सरोकारको विवादमा यस अदालतसमक्ष निवेदन दिने व्यक्तिको त्यस्तो विवादको विषयसँग सार्थक सम्बन्ध र तात्विक सरोकार हुनुपर्ने र विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारको विषयसँग जनसाधारणको प्रतिनिधित्व निजले सही रुपमा गर्न सक्दछ भन्ने कुराको निजले अदालतलाई विश्वास दिलाउनु पर्दछ**" भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ। प्रस्तुत निवेदनमा निवेदकहरु आयोजनास्थल वरपरका वासिन्दा रहेको तथा आयोजना बन्ने नबन्ने अन्यौलता, नेपाललाई लाभ हुनुपर्ने विषय, स्थानीय वातावरणको सवाल र वासिन्दाहरुलाई आयोजनाबाट हुने सुविधाका सम्बन्धमा राखिएको विषयहरु सम्बन्धमा निवेदकहरुको सार्वजनिक चासो र सरोकार (meaningful relation र substantial interest) देखिएकोले प्रस्तुत निवेदन **सार्वजनिक सरोकारको विषय** रहेकोमा द्विविधा रहेन।

१२. दोश्रो प्रश्न अर्थात **नेपालको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय कम्पनी NHPC लिमिटेडबीच भएको समझदारी पत्र नेपाल कानून सरह लागू हुने हो वा होइन?** भन्ने सम्बन्धमा विचार गर्दा उल्लिखित दुवै कम्पनीबीच जलविद्युत परियोजना निर्माण गर्ने सम्बन्धमा लगानी प्रारुप तयार गर्ने, लागत लाभ विश्लेषण गर्ने, आयोजनाको तयारी तथा वातावरणीय पक्षलगायत विषयमा दुई पक्षबीच समझदारीपत्र भएको देखियो। यसअनुरुप दुई देशका सरकारी कम्पनीहरुबीच भएको सम्झौता सन्धी ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल कानून सरह लागु हुने हो होइन भन्ने सम्बन्धमा विवेचना गर्नुअघि जलविद्युत प्राकृतिक श्रोत हो होइन भन्ने विषयसमेतको विश्लेषण आवश्यक देखियो। यस सम्बन्धमा पश्चिम सेती आयोजनाको विषयमा परेको रामचन्द्र चटौतको रिट निवेदनमा यस अदालतबाट **"विद्युत स्वयं प्राकृतिक स्रोत नभएर जलस्रोत रुपी प्राकृतिक स्रोतको उत्पादित वस्तु वा सेवाको रुपमा लिनु पर्ने हुन्छ। ...प्रस्तुत निवेदनमा विवादमा ल्याइएको विषय जलसम्पदाबाट उत्पादित विद्युतको व्यवसायिक उपयोगसँग सम्बन्धित देखिन्छ न कि त्यसको बाँडफाँडसँग। निवेदकहरू प्राकृतिक सम्पदालाई ऊर्जामा रुपान्तरण गरी गरिने उपयोग र प्राकृतिक स्रोतको बाँडफाँडको विषयलाई छुट्टयाउन नसकी अलमलिएको जस्तो देखिन आउँछ। यस विषयलाई छुट्ट्याएर बुझ्न जरुरी छ"** भन्ने व्याख्या भएको पाइन्छ। त्यसैगरी माथिल्लो कर्णाली जलविद्युत आयोजनाकै सन्दर्भमा *गोरख वहादुर वि.सि.* ले दायर गरेको रिट निवेदनमा यस अदालतबाट **"विद्युत भनेको पानीरूपी प्राकृतिक स्रोतबाट भएको उत्पादन हो, जो स्वयं प्राकृतिक स्रोत होइन ...विद्युत स्वयंलाई प्राकृतिक स्रोत मान्ने हो भने भूमिबाट उत्पादित अन्न पनि प्राकृतिक स्रोत मान्नुपर्ने र त्यसको निकासी पनि रोक्नुपर्ने अवस्था आउँछ" भन्ने व्याख्या भएको पाइयो।** यसप्रकार विद्युत आफैमा प्राकृतिक स्रोत नरहेको भनी उल्लिखित रिट निवेदनहरुमा व्याख्या भइसकेको स्थितिमा विद्युत उत्पादन र बाँडफाँडको विषयमा नेपाल सरकारको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारत सरकारको NHPC India लिमिटेड बिच भएको विद्युत सर्वेक्षण सम्झौतालाई प्राकृतिक स्रोतको बाँडफाँडको विषय सन्निहित सम्झौता मान्न मिल्ने देखिएन। सो सम्झौता प्राकृतिक श्रोतको उपयोगको विषयमा मात्र सीमित रहेको देखिन्छ। प्राकृतिक श्रोतको उपयोग गर्दा नेपालको पुँजी अपुग भएमा विदेशी पुँजीसमेत परिचालन गर्नुपर्ने हुन्छ। नेपालको बिदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३८ मा "***विदेशी लगानी प्रबर्द्धनका लागि नेपाल सरकारले विदेशी मित्रराष्ट्र वा अन्तराष्ट्रिय संस्थासँग द्विपक्षीय वा बहुपक्षीय लगानी सम्झौता गरी विदेशी लगानी भित्र्याउन सक्ने***" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। कानुन बमोजिम विदेशी लगानी स्वीकृति लिई विद्युत उत्पादन कम्पनी लिमिटेड र **NHPC Limited** ले नेपालको कम्पनी ऐन, २०६३ बमोजिम

संयुक्त लगानी कम्पनी संस्थापना गर्ने, परियोजना कार्यान्वयनको लागि ऋण प्रदायक संस्थाहरुबाट कर्जा लगानीको प्रबन्ध मिलाउने एवम् उत्पादित विद्युतको लागि बजार प्राप्त गर्न सहजीकरण गर्ने दायित्व कम्पनीमा रहने गरी फुकोट कर्णाली जलविद्युत आयोजना सम्पन्न गर्न लाग्ने लगानी एवं ऋणको महत्वपुर्ण अंश (**substantial** portion) **NHPC** ले जुटाउनु पर्ने र बजार NHPC ले व्यवस्थापन गर्नुपर्ने गरि गरेको समझदारी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को विपरीत रहेको भन्ने पनि देखिएन।

१३. अब विवादित समझदारी पत्र नेपाल कानून सरह लागू हुने हो होइन भन्नेतर्फ हेर्दा उक्त सम्झौताको दफा १०.३[1] मा यो सम्झौता नेपालको कानून अनुसार लागू हुने भन्ने व्यवस्थासमेत उल्लेख गरेको देखिन्छ। यस तथ्यबाट यो सम्झौता एक प्रकारको करारीय दायित्व अन्तर्गतको विषयबस्तु रहेको करारीय प्रकृतिको सम्झौता भएकाले नेपाल सन्धी ऐन, २०४७ आकर्षित नहुने तथा अन्य प्रचलित नेपाल कानून अनुसार सो सम्झौताको परिपालना र व्याख्या हुनुपर्ने देखियो। कुनै एक राष्ट्रको कम्पनी र अर्को राष्ट्रको कम्पनीबीच हुने करारीय सम्झौताहरु बैदेशिक लगानी तथा करारिय प्रकृतिका बिषयहरु हुने भएकाले सम्झौतामा कुन देशको कानून लागु हुने भन्ने समझदारी तथा कानूनी विवादमा मध्यस्थकर्ताहरु समेत किटान गरी गरिएको उक्त सम्झौता नेपाल सन्धि ऐन, २०४७ बमोजिमको सम्झौता रहे भएको देखिन आएन। उक्त सम्झौता नेपाल कानून सरह नभै नेपालको कानून बमोजिम कार्यान्वयन हुने करारीय विषय रहेको देखिन आयो। साथै करारीय बिषयमा यस अदालतको संवैधानिक इजलासबाट चन्द्रा कुमारी थानी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (०७९-WC-००५७) को मुद्दामा "***करारीय विषयमा जब करारका पक्षहरुले स्वतन्त्रतापूर्वक करारको विषयवस्तु छनौट गर्दै प्रतिफल सहित करारका शर्तहरु तय गरि सम्झौता गरेका छन् र सो करार वैध करार छ भने त्यस्तोमा अदालतको भुमिका सो करारको अन्तरवस्तु र औचित्यमा प्रवेश गरि यो गर्नु उचित हुन्छ वा हुँदैन भनी करार नै संशोधन गर्नु करारीय स्वतन्त्रता र स्वायत्तताको प्रतिकुल हुन्छ।***"भनी व्याख्या भएको पाइन्छ।

१४. अब विवादित समझदारीपत्र कार्यान्वयनको लागि संसदीय अनुमोदन आवश्यक पर्ने हो होइन भन्नेतर्फ हेर्दा नेपालको संविधानको धारा २७९ (२) (घ) मा "प्राकृतिक श्रोत तथा त्यसको बाँडफाँडको "विषयको सम्झौतामा संसदीय अनुमोदन आवश्यक पर्ने व्यवस्था छ। प्रस्तुत विवादमा नेपालको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय NHPC India लिमिटेडबीच भएको समझदारी पत्र को दफा १०.३ अनुसार नेपाल कानून लागू हुने व्यवस्था रहेको र

[1] This MOU shall be governed and construed in accordance with the prevailing law of Nepal.

यस्तो करारीय प्रकृतिको सम्झौतालाई विदेशी राज्यसँग भएको सन्धि मात्र मिल्ने देखिँदैन। साथै, प्रस्तुत समझदारीपत्र जलविद्युतको उपयोगसँग सम्बन्धित रहेको र जलविद्युत आफैंमा प्राकृतिक स्रोत नरहेको हुँदा विवादित समझदारीपत्र कार्यान्वयनअघि संविधानको धारा २७९ अन्तर्गत संसदीय अनुमोदनसमेत आवश्यक पर्ने देखिएन। साथै, विद्युत उत्पादन कम्पनी लिमिटेड र NHPC लिमिटेड बीच भएको समझदारीपत्र फुकोट कर्णाली जलविद्युत आयोजनाका लागि ऋण वा अनुदान लगायत वित्तिय व्यवस्थापनका लागि भएको आपसी समझदारी भएको देखिँदा सो समझदारीपत्रमा अन्तर्राष्ट्रिय सन्धिको आवश्यक तत्व (International Character) पनि देखिँदैन। साथै यस अदालतबाट भएका व्याख्या अनुसार यस्तो समझदारी (MoU) लाई सन्धि मात्र नमिल्ने र MoU करार गर्ने पक्षहरुवीचको समझदारी अनुसार कार्यान्वयन कानूनी रुपमा बाध्यकारी भएको देखिँदा उक्त समझदारी पत्र अन्तर्राष्ट्रिय सन्धि सरह वा नेपाल कानून सरह लागू हुने नभई नेपाल कानूनबमोजिम कार्यान्वयन हुने करारीय दायित्वको विषय देखिन आयो।

१५. **तेस्रो प्रश्नको रुपमा समझदारी पत्र बमोजिम फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना कार्यान्वयनबाट नेपालको राष्ट्रिय हक हितका विषयहरु अन्यथा हुने देखिन्छ वा देखिदैन?** भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदनमा फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना (४८० मेगावाट) सम्बन्धी नेपाल सरकारको निर्णय तथा विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेडबीच सम्पन्न समझदारी पत्र (MoU) को वैधता, राष्ट्रहित, सार्वभौमसत्ता, वातावरणीय संरक्षण, प्राकृतिक स्रोतको उपयोग र प्रतिफलको न्यायोचित वितरणसम्बन्धी प्रश्न उठाइ सार्वजनिक चासो र सरोकारको विषयको रुपमा अदालत प्रवेश गरेको देखिएको छ। नेपालको संविधानको धारा ५ अनुसार ***नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभुत विषयहरुको रुपमा रहने व्यवस्था गरेको छ।*** भने संविधानको धारा ५१(छ) मा ***प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धि नीति निर्धारित छ जस अनुसार राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संबर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने, जनसहभागीतामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने*** नीति लिएको पाइयो।

१६. यस प्रकारका आयोजना सञ्चालन गर्दा गरिने लगानीको व्यवस्थापन, प्राकृतिक श्रोतको उपयोगमा स्थानीय बासिन्दाको अग्राधिकार तथा हक हितका विषयहरु समेतको सम्बोधन आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा समाविष्ट गरिनु आवश्यक हुन्छ। आयोजनाको सम्झौता अनुसार ५१ प्रतिशत भन्दा बढी शेयर विदेशी पक्षको रहेको देखिएको र २१.९ प्रतिशत निःशुल्क ऊर्जा नेपाललाई दिने समझदारी रहेको पाइयो। यस फुकोट कर्णाली आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारीको क्रममा रहेको देखिएको हुँदा यस सम्बन्धमा स्थानीय चासो र सरोकार लिने बिषयलाई उचित नै मान्नुपर्ने हुन्छ। यसरी प्राकृतिक श्रोतको उपयोग मार्फत गरिने दीर्घकालीन लाभ लागतका आयोजनामा रहने स्थानीय चासो र सरोकारले आयोजनाको अपनत्व र उपादेयता समेतलाई पुष्टि गर्ने गर्दछन। जलसम्पदाको उपयोगको दिर्घकालीन योजना स्पष्ट किटान हुनुपर्ने साथै आयोजनाबाट प्रभावित सर्वसाधारणको पुनर्स्थापनाको विषयलाई समेत आयोजनाले समेट्नुपर्ने विषय न्यायिक आँकलनको विषय समेत हुन आउने देखिन्छ। नेपालको संबैधानिक प्रावधान समेतबाट प्राकृतिक स्रोतको उपयोग गर्दा अन्तरपुस्ता समन्याय, राष्ट्रिय हित, स्वदेशी लगानीलाई प्राथमिकता र सरकार Public Trustee भएकोले दीर्घकालीन लाभ सुनिश्चित हुने गरी आयोजना सञ्चालनमा तदारुकता देखाउनु पर्ने विषय सान्दर्भिक नै देखियो। यस अवस्थामा ***नेपालको जलविद्युत क्षेत्रमा बाह्य लगानीबाट भएको प्रतिफल समेतको पर्याप्त अध्ययन, विदेशी लगानीको बैधता र पारदर्शिता तथा आयोजनाबाट प्राप्त हुने दीर्घकालीन लाभको समेत सुनिश्चितितामा आयोजनालाई अगाडि बढाइनुपर्ने विषयको न्यायिक निरुपण गर्नुपर्ने कुरालाई आयोजनाको सफलताको पुर्वशर्तको रुपमा समेत लिनुपर्ने हुन्छ***। यसप्रकार फुकोट कर्णाली जलविद्युत कम्पनीमा गरिने लगानी र उक्त आयोजनाबाट प्राप्त हुने प्रतिफलको बाँडफाँटमा नेपाल र नेपालीको हित समाहित हुनुपर्ने विषयको निरुपण नै यस रिट निवेदनको मुल विषयको रुपमा रहेको देखिन्छ। विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेडबीच जलविद्युत परियोजना निर्माण गर्न भएको समझदारी पत्र बमोजिम आयोजनाको विस्तृत सम्भाव्यता/इन्जिनियरिङ अध्ययन प्रतिवेदन तयार भइसकेको, विद्युतगृह तथा बाँधस्थलमा ६१० मी. टेस्ट अडिट टनेल निर्माण सम्पन्न भएको, पहुँचमार्ग तथा कर्मचारी आवास गृह र कार्यालय भवन निर्माण कार्य भइरहेको, डुबान क्षेत्रमा पर्ने करिब ८२२ रोपनी जग्गाको मुआब्जा वितरण गरी कम्पनीको नाममा आइसकेको साथै आयोजनाको विस्तृत वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि विद्युत विकास विभागमा पेश भइसकेको भन्ने विषय रिट निवेदन तथा विपक्षीको लिखित जवाफले समेत पुष्टी गरेको अवस्थामा उक्त आयोजनालाई निर्धारित समयमा नै सञ्चालन गरि लाभलागतको समन्यायिक

वितरण गर्ने विषयको उठान गरी परेको रिट निवेदनले उठाएका विषयबस्तुले नेपाल र नेपालीको राष्ट्रिय हित र सरोकारका विषयहरुलाई आयोजना सम्बद्ध निकायले प्राथमिकतामा राख्नुपर्ने नै देखियो।

१७. **चौथो प्रश्नको रुपमा स्थानीय समुदायको हकहित अग्राधिकार आकर्षित हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा** संविधानको धारा ५१(छ) ले स्पष्ट रूपमा स्थानीय समुदायलाई प्राथमिकता दिएको छ। साथै जलश्रोत ऐन, २०४९ को दफा ३ ले *नेपालभित्र रहेको जलस्रोतको स्वामित्व नेपालमा निहित रहने उल्लेख गरेको छ भने ऐ. ऐनको दफा ७ ले जलस्रोत उपयोगको प्राथमिकताक्रम निर्धारण गरेको पाइयो जसअनुसार खानेपानी र घरेलु उपयोग, सिंचाई, पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग, जलविद्युत, घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग, जलयातायात, आमोद प्रमोदजन्य उपयोग र अन्य उपयोग रहेको पाइयो। साथै जलस्रोतको उपयोग सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरि सो को आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण समेत गर्न सक्ने व्यवस्था गरेको पाइयो।* यस प्रकारका आयोजना सञ्चालन सम्बन्धी समझदारी पत्रमा स्थानीय जनताको आवश्यकता र हित समेत पहिचान गरी आयोजनाबाट प्रभावित हुने ब्यक्ति र निजहरुको सम्पत्तिको पुनर्स्थापना योजनासमेत स्पष्ट पारिनुपर्ने विषय स्थानीय हक हित र सरोकारको विषय समेत हुन आउँदछ। यस प्रकारका आयोजना संचालन गर्दा जलस्रोत ऐनको प्रावधान अनुरुपका जलस्रोतको बहुउपयोगी लाभको दीर्घकालीन योजनासमेत बनाइनु पर्ने आवश्यकता रहन्छ।

१८. प्रस्तुत रिट निवेदनमा उठाइएका विषयहरुमा स्थानीय समुदायको हकहित अग्राधिकारसहित लागू हुने र सोको संरक्षण अनिवार्य रुपमा गर्नुपर्ने देखिन्छ। जलविद्युत आयोजनाहरुको निर्माण गर्दा आयोजना प्रभावित स्थानीय समुदायहरुको जनजीविकाको संरक्षणको दायित्व राज्यको रहने कुरामा द्विविधा रहँदैन। साथै विदेशी कम्पनीसँगको समझदारीमा आयोजना संचालनको योजना बनाइदा स्थानीयको जनसहभागीता समेत सुनिश्चितता गरी उनीहरुको प्रत्यक्ष संलग्नतामा आयोजनाको विस्तृत प्रतिवेदन समेत तयार गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ। रिट निवेदकले उठाएको विषय राष्ट्रिय हितसँगै आयोजनाबाट सबैभन्दा बढी प्रभावित हुने कर्णाली प्रदेशका जनतासँग परामर्श गरिनुपर्ने, उनीहरूका सार्वजनिक चासो र सरोकारका विषयहरुमा ध्यान दिनुपर्ने, आयोजनाको लागि चाहिने जग्गा र सो को मुल्यांकन समेतमा स्थानीय बासिन्दाको सहभागीता सुनिश्चित गर्नुपर्ने, साथै वातावरणीय असर न्युनीकरणको दीर्घकालीन योजनासमेतको स्पष्ट खाका पेश गर्नुपर्ने भन्ने विषयहरुले स्थानीय चासो र

सरोकारको पक्षपोषण गर्दछ। यसप्रकारका जलविद्युत आयोजनाबाट स्थानीय बासिन्दाले प्राप्त गर्ने दीर्घकालीन लाभका विषयहरुमा समेत स्थानीय चासो र सरोकार रहने नै हुन्छ भने आयोजनाको सञ्चालन गर्दा विस्थापितहरूलाई के कसरी पुनस्थापना गर्ने भन्ने विषय समेत महत्वपुर्ण अवयवको रुपमा रहन्छ। समझदारीपत्रमा केवल विद्युत बाँडफाँडको विषय मात्र उल्लेख छ। आयोजना स्थल कालिकोटको अत्यन्त दुर्गम स्थानमा रहेको साथै तहाँ स्वच्छ पिउने पानीको अभाव रहेको, स्थानीयको जीवनस्तर न्यून रहेको, गरीवी र बेरोजगारीको उत्कर्ष अवस्थाको विद्यमानतालाई समेत आयोजना संचालन गर्ने निकायहरुले उपेक्षा गर्न नहुने विषयमा सजगता अपनाइनु जरुरी हुन्छ। आयोजना विकास गरेपश्चात् पानीको प्रयोगमा हुने फेरबदलको सम्भावना र असर, जलसम्पदाको उपयोग गर्दा सो को क्षयीकरणबाट स्वच्छ खाने पानीको उपलब्धता र कृषियोग्य जमीनमा सिंचाई सुविधासमेतमा असर परी खेतबारी बाँझो हुने सम्बन्धमा ख्याल नगरी आयोजना बिदेशी कम्पनीलाई दिने कार्यले स्थानिय समुदायको हक हित र वैध अपेक्षालाई समेत आघात पुऱ्याउन नहुनेतर्फ सजग हुनुपर्ने देखिन्छ। यसप्रकार प्राकृतिक श्रोतको उपयोगमा स्थानीय चासो र सरोकारको विषयमा नेपाल सरकारले विशेष ध्यान दिई आयोजना सञ्चालनको अनुमति दिनुपर्ने विषय नकार्न सकिदैन।

१९. **अब, अन्तिम प्रश्न अर्थात रिट निवेदकको माग बमोजिम रिट जारी गर्नुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।** यस सम्बन्धमा प्रत्यर्थी कम्पनीले रिट निवेदकहरुसग प्रत्यक्ष सम्बन्ध नभएको विषयमा सार्वजनिक सरोकारको भनी रिट निवेदन दायर भएको, नेपालको विदेशी लगानी सम्बन्धी प्रचलित कानुन बमोजिम विदेशी लगानी स्वीकृति लिई विद्युत उत्पादन कम्पनी लिमिटेड र **NHPC Limited** ले नेपालको कम्पनी ऐन, २०६३ बमोजिम संयुक्त लगानी कम्पनी संस्थापना गरिएको हो। समझदारी पत्रानुसार फुकोट कर्णाली जलविद्युत आयोजनामा **NHPC** को कम्तीमा पनि ५१ प्रतिशत शेयर रहेको कारण फुकोट कर्णाली जलविद्युत आयोजना भारतीय कम्पनीको नियन्त्रणमा रहने भन्ने हुँदैन। कम्पनी संस्थापना प्रयोजनका लागि मात्र नेपालको विदेशी लगानी सम्बन्धी प्रचलित कानुन बमोजिम विदेशी लगानी स्वीकृति लिई विद्युत उत्पादन कम्पनी लिमिटेड र **NHPC Limited** ले नेपालको कम्पनी ऐन, २०६३ बमोजिम संयुक्त लगानी कम्पनी संस्थापना गरिएको हो। समझदारी पत्रको दफा ३.६ बमोजिम **NHPC** लाई **Joint** Venture **Company** (संयुक्त लगानी कम्पनी) को तर्फबाट परियोजना कार्यान्वयनको लागि ऋण प्रदायक संस्थाहरुबाट कर्जा लगानीको प्रबन्ध मिलाउने एवम् दफा ४.६ बमोजिम उत्पादित विद्युतको लागि बजार प्राप्त गर्न सहजीकरण गर्ने दायित्व रहेको छ। विद्युत ऐन, २०४९ को दफा १० अनुसार ***"जम्मा लगानीको ५० प्रतिशत भन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानीमा स्थापना***

गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनसित सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनामा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुने व्यवस्था छ। यसप्रकार आयोजना निर्माण गरी संचालन भएपश्चात निर्धारित अवधि सकिएपछि नेपाल सरकारको स्वामित्वमा आउने भएकोले दीर्घकालीन रुपमा विदेशी कम्पनीको नियन्त्रण रहने भन्ने समेत देखिदैन।

२०. तसर्थ, फुकोट कर्णाली जलविद्युत आयोजना सम्पन्न गर्न लाग्ने लगानी एवं ऋणको महत्वपुर्ण अंश (**substantial** portion) **NHPC** ले जुटाउनु पर्ने र बजार पनि NHPC ले व्यवस्थापन गर्नु पर्ने भएकाले NHPC लाई ५१ प्रतिशत शेयर प्राप्त गर्ने गरि समझदारी गरिएको देखिएको र नेपालको कम्पनी कानुनले समेत संयुक्त लगानीमा स्थापना हुने कम्पनीमा विदेशीको शेयर स्वामित्वमा कुनै सीमा नतोकेको अवस्थामा संयुक्त लगानीमा कम्पनी स्थापना गर्ने पक्षहरूको शेयर स्वामित्वको प्रतिशत निर्धारण गर्न स्वायत्त हुने नै देखिन्छ। कर्णाली नदीमा निर्माण हुने फुकोट कर्णाली आयोजना संयुक्त लगानीमार्फत विकास गर्न MoU सम्पन्न भएको, MoU अनुसार संयुक्त लगानी रहेको कम्पनीमा NHPC को न्यूनतम ५१ प्रतिशत शेयर स्वामित्व रहने र नेपाल सरकारलाई २१.९ प्रतिशत निःशुल्क विद्युत प्राप्त हुने व्यवस्था गरिएको, सो व्यवस्थाले राष्ट्रहित, स्थानीय हित, वातावरणीय सन्तुलन तथा अन्तरपुस्ता समन्यायको सिद्धान्त विपरीत समझदारी भएको भन्ने निवेदकहरुको दावी रहेको छ भने विपक्षीहरूले उक्त समझदारी पत्र करारीय विषय भएकोले नेपालको संसदबाट अनुमोदन आवश्यक नपर्ने, न्यायिक हस्तक्षेप उपयुक्त नहुने भनी जिकिर संगै विद्युत उत्पादन कम्पनी लिमिटेड र NHPC India बीच फुकोट कर्णाली जलविद्युत आयोजना निर्माणको प्रयोजनार्थ सम्पन्न भएको समझदारी पत्रको शर्तको रुपमा रहेको संयुक्त लगानी कम्पनी स्थापना गर्ने विषयमा विपक्षीले प्रश्न उठाउन नसक्ने भनी लिखित जवाफसमेत पेश गरेको पाइयो। माथि विवेचित आधार र कारणबाट रिट निवेदनमा उठाइएको प्रस्तुत विवाद करारीय तथा नीतिगत प्रकृतिको भएको तथा समझदारी पत्र अन्तर्राष्ट्रिय सन्धि नभई नेपाल कानूनबमोजिम लागू हुने करारीय समझदारीको रुपमा रहेको विषय स्थापित हुन आयो। समझदारी पत्रको दफा १०.३ ले नेपाल कानून लागू हुने व्यवस्था गरेको र विदेशी राज्यसँग सन्धि नठहरिने हुँदा संविधानको धारा २७९ अन्तर्गत संसदीय अनुमोदन आवश्यक नपर्ने कुरामा समेत संशय रहेन। साथै प्रस्तुत रिट निवेदनमा निवेदकले उठाइएका अधिकांश मागहरू आयोजनाको विस्तृत सर्वेक्षण र डिजाइन गर्दाका बखत स्थानीय जनताको प्रत्यक्ष सहभागीतामा आपसी समझदारी समेत गरी पुरा गर्नुपर्ने, राष्ट्रिय हितलाई ध्यानमा दिई दुक्षपक्षबीच भएको करारीय समझदारीमा संशोधन समेतको गुञ्जायस रहने साथै जलविद्युत परियोजनामा ठुलो मात्रामा स्वदेशी तथा बैदेशिक लगानीको

आवश्यकता समेत पर्ने हुँदा स्वदेशी लगानीको न्युनता परिपुरणको लागि विदेशी कम्पनीलाइ समेत लगानीका लागि प्रोत्साहन गर्नुपर्ने विषयको विद्यमानता रहेको देखिंदा उत्प्रेषणको आदेशद्वारा समझदारी पत्र बदर गर्नु पर्ने अवस्था देखिएन। तसर्थ रिट निवेदन खारेज हुने ठहर्छ।

२१. रिट निवेदन खारेज हुने ठहरे तापनि रिट निवेदकले उठाएका सार्वजनिक र राष्ट्रिय हितका विषयका सम्बन्धमा विचार गर्दा जलस्रोत ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०७६, तथा संविधानको धारा ५० र ५१ ले राज्यलाई सार्वजनिक न्यासीको भूमिकामा बाँधेको छ। विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनी NHPC लिमिटेडबीचको करार नेपालको कानून अनुरुप वैध करारको रुपमा रहेको अवस्थामा दीर्घकालीन राष्ट्रहित, वातावरणीय सन्तुलन र प्रतिफलको न्यायोचित वितरण सुनिश्चित गर्न नेपाल सरकारलाई निर्देशन दिनुपर्ने आवश्यकता देखिन्छ।

२२. राष्ट्रिय जलस्रोत नीति, २०७७ को रणनीति (२) मा "*जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्दा एकिकृत जलस्रोत व्यवस्थापन तथा जलस्रोतको बहुउद्देश्यीय उपयोगलाई प्राथमिकता दिईने*" साथै सोही रणनीतिको नीति तथा कार्यनीतिको बुंदा नं. १० मा "*अन्तराष्ट्रिय स्तरमा भएका जलस्रोत सम्बन्धी सन्धि, सम्झौता, घोषणा एवम् महासन्धिहरुको राष्ट्रिय हित अनुकुल हुनेगरी आवश्यकताको आधारमा नेपाल पक्ष राष्ट्र हुन सक्ने*" व्यवस्था छ। नेपालको सर्वाङ्गीण विकासको लागि जलश्रोतको उचित उपयोगको सम्भावना र प्रचुरता देशको अमुल्य प्राकृतिक सम्पदाको रुपमा रहेको छ। जलश्रोतको उपयोगलाई भुराजनीतिक सन्तुलनका दृष्टिले समेत हेर्नुपर्ने हुन्छ किनकी देशका नदीनालाहरु एकैठाउँमा रोकेर राख्न नसकिने साथै एक देशबाट अर्को देशको भूक्षेत्रसमेतलाई जोड्ने कडीको रुपमा पनि लिन सकिन्छ। कुनै एक देशको नदीनालाहरुमा आउने प्राकृतिक विपत्तिसमेतको अर्को देशमा असरको सम्भावना रहने हुँदा छिमेकी मित्रराष्ट्रहरु समेतको चासो र सरोकार रहने गर्दछ। कुनै पनि देश धनी वा गरीब के हो भन्ने सन्दर्भ उक्त देशको प्राकृतिक श्रोत र सम्पदाको प्रचुरतामा निर्भर गर्दछ यस अर्थमा देशको अर्थतन्त्रको सवलीकरणका लागि जलश्रोतको उपयोग अवश्यम्भावी छ। *जलविद्युत आयोजना मार्फत जलश्रोतको उपयोग एक महत्वपुर्ण पक्ष हो भने आयोजना निर्माणका चरणमा हुने लगानी प्रतिवद्दता र आयोजना निर्माणमा विदेशी कम्पनीको संलग्नतालाई सुक्ष्म रुपमा अध्ययन समेत गरिनु पर्दछ। आयोजनामा लगानी भित्र्याउने सन्दर्भमा सोको उपयोगको दीर्घकालीन सम्झौतासमेतबाट देशको सार्वभौमसत्ता अखण्डता र प्राकृतिक श्रोतको उपयोगमा समेत परनिर्भरतामा रहनुपर्ने अवस्थाको द्योतकको रुपमा फुकोट कर्णाली जलविद्युत आयोजना समेतका सम्झौताहरु समेत नहुन भन्ने सन्दर्भमा नेपाल सरकार*

*पक्ष सदैव सचेत र सजग हुनु जरुरी देखिन्छ।* नेपालमा रहेका हिमश्रृङ्खलाहरु र सोबाट सिर्जित जलश्रोतको उपयोगमार्फत आर्थिक उपार्जन गर्नु अर्थतन्त्र सवलीकरणको एक महत्वपुर्ण अवयव हो। ***जलश्रोतको उपयोगलाई राष्ट्रिय हित अनुकुल जलविद्युत आयोजना निर्माण र सञ्चालन गरिनु देश विकासको अभिष्ट पनि हो यस अर्थमा आयोजनामा विदेशी लगानी भित्र्याउँदा राष्ट्रिय हितलाई सर्वोपरी राखुपर्ने विषयलाई नकार्न सकिदैन।*** नेपालका जलविद्युत आयोजना निर्माणको अवस्था विश्लेषण गर्दा लगानीको अभावमा अलपत्र परेको, आयोजनाहरुमा राजनीतिक अभिष्ट पुरा गर्नका लागि देशको प्राकृतिक सम्पदा र श्रोतलाई चीरकालसम्म दीर्घकालीन असर पर्नेगरी राष्ट्रिय हित विपरीतका जलविद्युत सम्वद्ध आयोजना विकास सम्झौताहरु समेत हुन गई सोबाट उम्कनै नसक्ने गरी सम्झौतामा चुकिनु देशको राष्ट्रिय हितविपरित हुन आउँदछ। यसप्रकार राष्ट्रिय हितलाई केन्द्रमा राखेर दीर्घकालीन स्वउपयोगको किसिमबाट देशको जलसम्पदाको उपयोगको लागि द्विपक्षिय तथा वहुपक्षिय लगानी सम्झौता गरिनुपर्दछ।

२३. उपर्युक्त विश्लेषण र आधारहरुबाट फुकोट कर्णाली जलविद्युत आयोजना निर्माणका लागि नेपाल सरकारले निम्न विषयहरुमा आधारित रही उक्त आयोजनालाई नेपाल र नेपालीको हित अनुकुल व्यवस्थापनको वातावरण तयार गर्न तपसिलका विषयहरु समेटी आयोजना कार्यान्वयनलाई राष्ट्रिय हित अनुकुल र प्रभावकारी बनाउनका लागि विपक्षीहरुको नाममानिर्देशनात्मक आदेश जारी हुने ठहर्छः-

क) नेपालको सार्वभौमसत्ता, अखण्डता, प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय सन्तुलन तथा अन्तरपुस्ता समन्याय सुनिश्चित गर्न विद्युत उत्पादन कम्पनी लिमिटेडको शेयर स्वामित्व ४९ प्रतिशत र भारतीय सरकारी कम्पनी NHPC लिमिटेड को शेयर स्वामीत्व ५१ प्रतिशत रहेको तथा द्वैध लगानीको आयोजना भएकोमा समझदारी पत्रको धारा ५ मा आयोजनाबाट आएको लाभको बाँडफाँडको विषय समाविष्ट छ। जसको धारा ५.१ मा "NHPC agrees that JVC will provide 21.9 percent of monthly generated power and energy from the project (the Free Energy and Power)" भनिएबाट नेपालले निर्माणको तयारी समेत गरिसकेको उच्च प्रतिफलयुक्त आयोजनाबाट नेपाल सरकारले केवल २१.९ प्रतिशत बिजुली मात्र प्राप्त गर्ने सम्झौतामा पुनः समझदारी गरी नेपाल सरकारको लगानीसमेतलाई ध्यानमा राखी लगानीको अनुपातमा समन्याय हुने गरी निःशुल्क प्राप्त हुने अनुपातमा यथासम्भव बृद्धि गर्न समझदारीपत्रमा आवश्यक संशोधनको व्यवस्था मिलाई कार्यान्वयन गर्ने,

ख) संयुक्त लगानी कम्पनीको शेयर संरचनामा विदेशी पक्षको न्यूनतम ५१ प्रतिशत स्वामित्व रहेको देखिएकोमा नेपाल कानून सापेक्ष विदेशी कम्पनीसँगको संयुक्त उपक्रम (Joint Venture) को दर्ता सो को नियमन कम्पनी ब्यवस्थापनमा नेपालको कानूनी ब्यवस्थाको पालना गरी आयोजना कार्यान्वयन गर्ने,

ग) समझदारी पत्रको कार्यान्वयन गर्दा आयोजना विकासको लागि गरिने वातावरणीय प्रभाव मुल्यांकनलई बस्तुनिष्ट, पारदर्शी र जवाफदेहि बनाई जलश्रोत ऐन, वातावरण संरक्षण ऐन बमोजिम नेपालको जलसम्पदाको उपयोग र संरक्षण तथा वातावरणीय प्रभाव न्यूनीकरण, स्थानीय लाभ वितरण, पुनर्स्थापना तथा क्षतिपूर्ति समेतको सुनिश्चितता गरिनुका साथै आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदायको लागि प्राप्त प्रतिफलको समन्यायिक वितरण साथै स्थानिय हक हित र सैरोकार सम्बन्धी उचित मागको सम्बोधनसमेत हुने गरी आयोजना संचालन गर्ने,

घ) आयोजना सञ्चालन गर्दा जलस्रोत ऐन, २०४९ को दफा ७ ले गरेको जलस्रोत उपयोगको प्राथमिकताअनुसार जलविद्युतको उत्पादन, कृषियोग्य भुमिको उपलब्धतामा सिचाई सुविधाको ब्यवस्थापन समेत हुने गरी बहुउपयोगी विकास मार्फत स्थानीय सर्वसाधारणको हक हितको संरक्षण तथा प्रतिफलको न्यायोचित वितरण सुनिश्चित गर्ने, साथै नदीतटको जलाधार क्षेत्रमा बर्षौंबर्षदेखि अनवरत रुपमा बसोबास गर्दै आएका स्थानीय समुदायले जलस्रोतको संरक्षणका लागि पुऱ्याएको योगदानको समेत उच्च मुल्याँकन गर्दै विकट क्षेत्रका जनताहरु आफ्नो क्षेत्रको विकासको लागि उत्साहित समेत भएको अवस्थामा आयोजनाको विकास र विस्तारबाट प्रत्यक्ष तथा परोक्ष रुपमा लाभान्वित हुने गरी सार्वजनिक उत्तरदायित्व (Public Accountability) समेत बहन गर्नुपर्ने देखिन्छ। साथसाथै फुकोट कर्णाली जलविद्युत आयोजना निर्माणको मोडालिटि अनुरुप आयोजना प्रभावितहरुका लागि शेयर जारी गरी आयोजनाबाट सरकारलाई प्राप्त हुने लाभांश तथा प्राप्त प्रतिफलसमेतको समन्यायिक वितरण हुने गरी आयोजना स्थलमा बसोबास गर्ने लाभग्राही समुदायका लागि विद्यालयको स्थापना, सुलभ स्वास्थ्य सेवाको ब्यवस्था, स्थानीय समुदायलाई रोजगारीमा प्राथमिकता तथा स्थानीय कला भाषा र संस्कृति संरक्षणका लागि आयोजनाले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) बहन समेत गर्नुपर्ने र वातावरण संरक्षण, कृषि उत्पादनको वजारीकरण, जलवायु संरक्षण लगायत न्यायमा पहुँच जस्ता विषयहरुमासमेत आयोजना मार्फत सहयोग पुऱ्याउने ब्यवस्थाको सुनिश्चितता गर्ने,

ङ) यस आयोजनाको समझदारीपत्रमा उल्लिखित समय तालिकामा Pre -Incorporation of JVC का लागि समझदारी भएको १४ महिनाभित्रमा आयोजनाको DPR तर्जुमा गरी विद्युत उत्पादन कम्पनी लिमिटेड र NHPC लिमिटेड ले आवश्यक परामर्श र समझदारी कायम गरी DPR लाई अन्तिम रुप दिने साथै लगानी स्वीकृति समेत प्राप्त गरी Joint venture Agreement गर्ने गरी तोकिएको र Post- Incorporation of JVC पश्चात ४ महिनाको समयावधिभित्रमा आयोजनाको खरिद व्यवस्थापन गर्ने, नेपाल सरकारसँग आयोजना विकास सम्झौता गर्ने साथै सबै वित्तिय व्यवस्थापनको कार्य सम्पन्न गरी Completion of Construction of the Project and Commissioning अन्तर्गत आयोजनाको निर्माण तालिका DPR Construction Schedule After Award of Work बमोजिम हुने गरी निर्धारण गरेको पाईयो। कुल १८ महिनाको समयावधि तोकिएको आयोजनामा विद्युत उत्पादन कम्पनी लिमिटेडले लिखित जवाफमा आयोजनाको DPR तर्जुमा भई छलफलको क्रममा रहेको जनाएअनुसार यसप्रकारको दीर्घकालीन महत्वको जलविद्युत आयोजनाको निर्माण र व्यवस्थापनलाई MOU मा निर्धारित आयोजना सम्पन्न गर्नुपर्ने अवधिलाई आयोजनाको समझदारी भएको ३१ मे २०२३ (२०८० जेठ १७) बाट रिट परेको मिति नोभेम्बर २९, २०२३ (२०८० मंशीर १३) सम्मको अवधि घटाइ यस अदालतको मुद्दा व्यवस्थापन सफ्टवेयर प्रणालीमा प्रस्तुत आदेश प्रविष्टि (Upload) भएको मितिलाई आधार मानी १२ महिनाभित्रमा सम्पन्न हुने गरी संशोधित समयसीमामा आयोजना कार्यान्वयनको सुनिश्चितता समेत हुने गरी आपसी समझदारीमा कार्यतालिका प्रकाशन गर्ने, उक्त कार्यतालिका अनुरुप आयोजना कार्यान्वयन भए नभएको सम्बन्धमा नेपाल सरकारले निरन्तर अनुगमन र मुल्याङ्कन गरि आवश्यक निर्देशन दिन सक्ने, साथै कार्यतालिका अनुरुप कार्यसम्पन्न गर्न ढिलाई गरेमा आयोजनाको सम्झौतासमेत रद्द गरी समयक्रमानुसार बढ्न गएको लागत समेत असुल गरी नेपाल सरकार आँफैले आयोजना सञ्चालन गर्ने,

च) आयोजना निर्माणको सुनिश्चितताका लागि आयोजना निर्माणको प्रगति विवरण आयोजना विकास अवधि वा सम्पन्न नहुन्जेलसम्म फैसला कार्यान्वयन निर्देशनालयमा संयुक्त उपक्रमबाट प्रत्येक ६/६ महिनामा प्रतिवेदन पेश गर्ने गरि व्यवस्थापन गर्ने।

२४. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गर्नू। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७ बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू। प्रस्तुत आदेशको विद्युतीय प्रति

यस अदालतको मुद्दा व्यवस्थापन सफ्टवेयर प्रणालीमा प्रविष्टि गरी मिसिल नियमानुसार बुझाईदिनू।

हरिप्रसाद फुयाल

(न्यायाधीश)

उक्त आदेशमा सहमत छु।

शारङ्गा सुवेदी

(न्यायाधीश)

इजलास अधिकृतः हरिप्रसाद आचार्य

इति संवत् २०८२ साल भदौ १६ गते रोज २ शुभम् ......................................... ।

**द्रष्टव्य**:- यस अदालतमा मिति २०८२।०५।२४ मा भएको आगजनी, तोडफोड र लुटपाटका कारण सक्कल मिसिल फेला नपरेको हुँदा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणिकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ५ बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त निवेदन, लिखित जवाफको फोटोप्रति तथा मुद्दा व्यवस्थापन प्रणालीमा रहेको मुद्दाको अवस्था (Status) समेतका आधारमा संक्षिप्त रुपमा प्रस्तुत आदेश तयार गरिएको।



CamScanner